# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६), फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल, चैत्र २३ गते २०७९ साल, सङ्ख्या १५


## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, निर्देशिका र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सूर्योदय नगरपालिकाको सडक हेरालु सम्वन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१२/२२

सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका बाह्रैमास चल्ने सडक (All weather Road) र अन्य सडकहरूको मर्मत सम्भार गरी दीगो रुपमा यातायात सञ्चालन गरी सवारी आवागमनलाई सूचारु राख्ने कार्यलाई व्यवस्थित, मर्यादित र नियमसंगत बनाउन बान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र सूर्योदय नगरपालिकाको स्थानीय सडक ब्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन, २०७८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि, २०७९" हुनेछ ।

ख. "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

ग. "उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ. "हेरालु" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ ।

च. "छनौट समिति" भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ ।

छ. "सडक" भन्नाले सूर्योदय नगरपालिकाको नगर यातायात गुरुयोजनामा समावेश भएका विभिन्न सडकहरू सम्झनु पर्दछ ।

ज. "पोशाक" भन्नाले हेरालुले लगाउने तोकिए बमोजिमको पोशाक सम्झनु पर्दछ ।

झ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ ।

ञ. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ ।

२. कार्यक्षेत्र :

(१) हेरालुहरूको कार्यक्षेत्र यस नगरपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरू हुनेछ ।

(२) सडक हेरालुलाई वडा समितिको निर्णयानुसार वडा क्षेत्रभित्रका सडकहरूमा आवश्यकता अनुसार खटाउन सकिनेछ ।

३. कार्य प्रकृति :

(१) सडक हेरालुहरूको काम, कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) सडक मर्मत सम्बन्धी कार्यहरू ।

(ख) सडकमा पर्ने खाल्डाहरू पुर्ने र सुख्खा ढुङ्गा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य ।

(ग) सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरू पुर्ने, कटान मर्मत गर्ने ।

(घ) सडकको साना साना पहिरो र ढुङ्गा हटाउने, पानीले खोलेको प्वाल टाल्ने ।

(ङ) नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुल, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने तथा नाली नभएको स्थानमा पानी निकासको लागि अस्थायी नाली बनाउने ।

(च) सडक सरसफाई गर्ने । तर ठूला प्रकृतिका रुखहरू, घाँसका विरुवाहरू लगायत अन्य काममा आउने बोट विरुवाहरू काट्नु पर्दा सम्बन्धित रुखधनी वा वडाअध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्ने छ ।

(छ) सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशीघ्र सो जमेको पानी निकास गर्नु पर्नेछ ।

(ज) सडक दायाँ बायाँ बृक्षारोपण गर्ने ।

(झ) भैपरी आई वा अन्य कारणले सडक अवरुद्ध भई सडकमा थप क्षति पुग्ने अवस्था भएमा वडा कार्यालय र नगरपालिकालाई तत्काल सूचना गर्ने ।

(झ) तोकिए बमोजिम  अन्य कार्य गर्ने ।

४. हेरालु छनौट समिति :

(१) सडक हेरालु छनौट सम्वन्धित वडा समितिबाट हुनेछ । सम्बन्धित वडाको वडा समितिले हेरालु छनौट समितिको रुपमा कार्य गर्नेछ ।

५. छनौट प्रक्रिया :

(१) सडक हेरालुको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) सडक हेरालुका लागि उपयुक्त उम्मेद्वारको आवेदन माग गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट न्यूनतम ७ (सात) दिन अवधिको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) तोकिएको समयमा रीतपुर्वक पेश भएको आवेदनहरू दर्ता गरी अन्तर्वार्ता मिति तोकिनेछ ।

(ग) तोकिएको मितिमा अन्तर्वार्ताको माध्यमबाट सडक हेरालु छनौट गरिनेछ ।

(घ) हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्नेछ ।

१) सम्बन्धित वडाको स्थायी बासिन्दा

२) १८-५८ वर्ष उमेर समूहको

३) आर्थिक अवस्था कमजोर रहेको

४) काम प्रतिको जिम्मेवारी र जवाफदेहिता बहन गर्न सक्ने

५) स्वास्थ्य बीमा अनिवार्य गरेको

६) अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको र मर्मत सम्भार गर्नुपर्ने सडक नजिक बसोवास रहेको ब्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

(ङ) छनौट समितिबाट सिफारिस भएका उम्मेद्वारहरूलाई करार सम्झौता तथा नियुक्ति नगर कार्यपालिकाको कार्यालयले दिनेछ । सिफारिस भएको उम्मेद्वारहरूको करार सम्झौता एक आर्थिक वर्षमा अधिकतम १०० दिनसम्मको लागि हुनेछ । निजको काम सन्तोषजनक नदेखिएमा अनुगमन समिति र वडा समितिको सिफारिसमा तत्काल करार सम्झौता भङ्ग गरी वैकल्पिक उम्मेदवारलाई सडक हेरालु नियुक्त गर्न सकिनेछ ।

६. हेरालुको दैनिक कार्य समय :

(१) हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक दिन ६ घण्टासम्म अनिवार्य तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।

(ख) भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन अवरुद्ध भएको अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्दछ ।

७. सेवा सुविधा :

(क) सडक हेरालुको सेवा सुविधा नगरले तोकेको अदक्ष ज्यामी कामदारको दररेट अनुसार हुनेछ ।

(ख) सडक हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार नगरपालिकाले उपलब्ध गराउनेछ ।

(ग) सडक हेरालुहरूले खाइपाई आएको सेवा सुविधा भुक्तानी सम्वन्धित वडा कार्यालयले प्रमाणित गरेको डोर हाजिरी विवरण र अनुगमन समितिको प्रतिवेदनको आधारमा बैंकमार्फत गर्नुपर्नेछ ।

८. अनुगमन समिति :

(१) सडक हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी बनाउन, सडकको स्थितिबारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

क. नगर उपप्रमुख - संयोजक

ख. सम्बन्धित वडाका वडाध्यक्ष्य - सदस्य

ग. सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) अनुगमन समितिले सडक हेरालुहरूको काम कारबाहीको अनुगमन निरीक्षण गरी नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. बाधा अड्काउ फुकाउने: (१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०. संशोधन तथा परिमार्जन: (१) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले,
मिलन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत